# आत्मिक

# वरदानहरू



# आत्मिक वरदानहरू

*(Spiritual Gifts)*

लेखकः रबर्ट एल. ब्रान्ड्ट

अनुवादकः रेभ. डा. बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

© १९९९ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रति: २०००

ICI University
First Edition 1999
Reprint 2014
Spiritual Gifts

Published by
ICI University
PO Box 4245
Kathmandu, Nepal

# विषय-सूची

पृष्ठ

पाठ्यपुस्तकको परिचय ................................ ५

**एकाइ एकः** *आत्मिक वरदानहरूको परिचय*

पाठ

१. तपाईंका निम्ति परमेश्वरसँग वरदानहरू छन् ....१२

२. उहाँका वरदानहरूका बारेमा तपाईंले जानेको परमेश्वरले चाहनुहुन्छ .................. २६

**एकाइ दुइः** *सेवाका वरदानहरूलाई बुझ्नु*

३. प्रेरितहरू र अगमवक्ताहरू ........................४४

४. प्रचारकहरू र पास्टर-शिक्षकहरू ................ ६४

५. अन्य सेवाका वरदानहरू–१ सेवा, शिक्षण, अर्ती ................................८६

६. अन्य सेवाका वरदानहरू–२ दिने, शासन गर्ने, कृपा देखाउने, सहायता गर्ने .....१०२

**एकाइ तीनः** *आत्माका वरदानहरूलाई बुझ्नु*

७. बुद्धिको वचन, ज्ञानको वचन, विश्वास ..........१२४

८. रोग निको पार्ने वरदानहरू, आश्चर्य कामहरू गर्ने, अगमवाणी ........................१४६

९. आत्माहरू छुटयाउन सक्ने, अन्य भाषाहरू बोल्ने, भाषाहरूको अर्थ खोलिदिने ............ १७२

शब्दकोश ................................................१९७

स्वयम्-जाँचका उत्तरहरू ...............................२००

# आई सी आई, ख्रीष्टियान सेवा कार्यक्रम

I
५

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमका १८-वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बायाँपट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढ्नुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६,६-वटा पुस्तक गरी तीन खण्डमा विभाजित गरिएको छ। *आत्मिक वरदानहरू* भनिने यो पुस्तक भाग १-को पाँचौं पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फाइदा उठाउन सक्नुहुनेछ। यी पाठ्यपुस्तकहरू सबै देशहरू र संस्कृतिहरूमा रहने ख्रीष्टियान सेवाहरूका निम्ति विशेष रूपमा तयार पारिएका छन्।

ख्रीष्टियान सेवा कार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यपुस्तकहरूले विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचो पर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पुस्तक प्रमाण-पत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ।

**ध्यान दिनुहोस्**

कृपया पाठ्यपुस्तकको परिचयलाई बड़ो होशियारीसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्त्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी-पत्रहरू आई सी आई-को ठेगानामा पठाउनुहोस्।

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

# पाठ्यपुस्तकको परिचय

"भाइ हो, आत्मिक वरदानको विषयमा तिमीहरू अजान रहो भन्ने मेरो इच्छा छैन" (१ कोरिन्थी १२:१)।

आत्मिक वरदानहरू ख्रीष्टको शरीरका निम्ति अति नै महत्त्वपूर्ण छन्। परमेश्वरले आफ्ना सन्तानका निम्ति उपलब्ध गराउनुभएका यी वरदानहरूका बारेमा सिक्नु अति उत्साहित कुरा हो। यी वरदानहरूविना मण्डली अस्तित्वमा रहन वा अगाड़ि बढ्न सक्दैन।

विश्वासीहरूका रूपमा हामीले सक्ने जति आत्मिक वरदानहरूका बारेमा हामीले सिक्नुपर्छ। हाम्रो ज्ञानको वृद्धि भएपछि, यी वरदानहरूले हाम्रो जीवन र सेवामा ठूलो स्थान भेट्टाउँछन्। विश्वासीहरूको परिवारमा हामी ठूलो आशिष् बन्छौं र सुसमाचार फैलाउनमा प्रभावकारी हुन्छौं।

### पाठ्यपुस्तक वर्णन

यस पाठ्यपुस्तकमा हामी आत्मिक वरदानहरूका तीन भिन्दाभिन्दै समूहहरूमा ध्यान दिनेछौं। हामी तिनीहरूलाई (१) सेवाका वरदान-हरू, (२) अन्य सेवाका वरदानहरू, र (३) आत्माका वरदानहरू भन्नेछौं।

पहिलो समूह– सेवाका वरदानहरूमा ती विश्वासीहरूलाई समावेश गरिएको छ, जसलाई ख्रीष्टले मण्डलीका अगुवाहरू हुनका लागि मण्डलीलाई दिनुभएको छ।

दोस्रो समूह– अन्य सेवाका वरदानहरूमा सबै विश्वासीहरूका निम्ति उपलब्ध भएका वरदानहरूलाई हामी अध्ययन गर्नेछौं।

अनि अन्तिम समूह– आत्माका वरदानहरूमा पवित्र आत्माले इच्छा गर्नुभएअनुसार उहाँले विश्वासीलाई दिनुहुने नौवटा वरदानहरूका बारेमा हामी सिक्नेछौं।

## पाठ्यपुस्तकका उद्देश्यहरू

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंलेः

१. आत्मिक वरदानहरूका निम्ति कुलोको रूपमा मण्डलीमा प्रत्येक विश्वासीको महत्त्वलाई वर्णन गर्न सक्नुपर्नेछ।

२. विभिन्न किसिमका आत्मिक वरदानहरूको कार्य र उद्देश्यलाई बुझ्न सक्नुपर्नेछ।

३. दुष्ट आत्माहरूका विनाशकारी कामहरूसँग पवित्र आत्माको रचनात्मक कामलाई तुलना गर्न सक्नुपर्नेछ।

४. ख्रीष्टको शरीरमा भएका आत्मिक वरदानहरूको विभिन्नतालाई चिन्न र त्यसमा कृतज्ञ हुन सक्नुपर्नेछ।

५. आत्मिक वरदानहरू र स्वाभाविक खूबीहरूका बीचको भिन्नतालाई व्याख्या गर्न सक्नुपर्नेछ।

६. तपाईंको सेवामा आत्मिक वरदानहरूको विकासलाई पत्ता लगाउन, अनुभव गर्न र खोज्न सक्नुपर्नेछ।

७. ख्रीष्टियान जीवन र सेवामा आत्माका वरदानहरू महत्त्वपूर्ण छन् भनी बुझ्न सक्नुपर्नेछ।

८. आत्मिक वरदानहरूको सञ्चालनसँग सम्बन्धित समस्याहरूलाई पहिचान र समाधान गर्न सक्नुपर्नेछ।

## पाठ्यपुस्तकहरू

तपाईंले आर. एल. ब्रान्ड्टद्वारा लिखित *आत्मिक वरदानहरूः स्वयम्-अध्ययन पाठ्यपुस्तकलाई* प्रयोग गर्नुहुनेछ, जुनचाहिँ पाठ्यपुस्तक र अध्ययन सहयोगी पुस्तक दुवै हुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पुस्तकचाहिँ केवल बाइबल मात्र हो।

## अध्ययन समय

प्रत्येक पाठ अध्ययन गर्नका लागि कति समय चाहिन्छ भन्ने कुरा यस विषयमा भएको तपाईंको ज्ञान र पाठ शुरू गर्नुभन्दा अगाडि

तपाईंमा भएको कुशलताको बलमा भर पर्छ। तपाईंले यस पाठको लागि बिताउनुहुने समय यस पुस्तकमा स्वयम्-अध्ययनको निम्ति दिइएका निर्देशनहरू ठीक किसिमले पछ्याउनमा पनि भर पर्छ। लेखकले उल्लेख गर्नुभएका उद्देश्यहरू र तपाईं आफैका उद्देश्यहरू पनि प्राप्त गर्नका लागि आफ्नो अध्ययन समयका योजनाहरू बनाउनुहोस् र उद्देश्य प्राप्ति होस् भन्ने किसिमले समय बिताउनुहोस्।

**अध्ययन एकाइहरू**

यस पाठ्यपुस्तकका पाठहरूलाई तल उल्लेख गरिएझैं अध्ययनका तीन एकाइहरूमा संगठन गरिएको छः

| एकाइहरू | एकाइ शीर्षकहरू | पाठहरू |
|---|---|---|
| १ | आत्मिक वरदानहरूको परिचय | १ - २ |
| २ | सेवाका वरदानहरूलाई बुझ्नु | ३ - ६ |
| ३ | आत्माका वरदानहरूलाई बुझ्नु | ७ - ९ |

**पाठको संगठन र अध्ययन स्वरूप (तरीका)**

प्रत्येक पाठमाः (१) पाठको शीर्षक (२) पाठको रूपरेखा (३) पाठका उद्देश्यहरू (४) सिक्ने क्रियाकलाप (५) मुख्य शब्दहरू (६) अध्ययन प्रश्नहरूसहित पाठको विकास (७) स्वयम्-जाँच (पाठ विकासको अन्तमा) (८) हरेक स्वयम्-जाँचका उत्तरहरू तपाईंको पाठ्यपुस्तकको पछाडि समावेश गरिएका छन्।

पाठको रूपरेखा र उद्देश्यहरूले तपाईंलाई विषयको परिचय दिनेछन्, तपाईंले अध्ययन गर्दैजानुहुँदा सबैभन्दा महत्त्वपूर्ण विचारहरूमा तपाईंको ध्यान केन्द्रित गर्न सहायता गर्नेछन् र तपाईंले के सिक्नुपर्छ सो बताउने छन्।

यस पाठ्यपुस्तकको पाठ विकासले यसमा भएका कुराहरूको अध्ययन गर्न तपाईंलाई सहायता पुऱ्याउनेछ। तपाईंले अलिकति समय पाउँदा पनि यस पाठलाई अध्ययन गर्नसक्नुहुनेछ र पाठको सबै भागलाई एकैपल्ट सक्नुपर्नेछ भन्ने केही बाध्यता छैन। जति सक्नुहुन्छ

त्यति पढ्नुहोस्। यसमा भएका सुझावहरू, अभ्यासहरू र उत्तरहरू पाठको उद्देश्य प्राप्त गर्नको लागि सहयोग पुगोस् भन्ने किसिमले निर्माण गरिएका छन्।

यस पुस्तकको पाठ विकासमा भएका कुनै कुनै प्रश्नहरूलाई दिइएको अभ्यास-पुस्तिकाको खाली ठाउँमा लेख्न सकिनेछ। तर कुनै कुनै प्रश्नहरूका लागि भने तपाईंको आफ्नै अभ्यास-पुस्तिका हुनुपर्नेछ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा पाठको संख्या र शीर्षक लेख्न नभुल्नुहोस्। अध्ययन प्रश्नका उत्तरहरूलाई संख्याको क्रम मिलाएर लेख्नुहोस्। यसले तपाईंलाई विद्यार्थी एकाइको प्रतिवेदनमा सहयोग पुऱ्याउँछ।

तपाईंले आफ्नो उत्तर नदिउञ्जेल *दिइएका उत्तरहरूलाई अगाड़ि नै नहेर्नुहोस्।* यदि तपाईंले आफ्नै उत्तर दिनुभयो भने तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग सम्झन सक्नुहुनेछ। तपाईंले अध्ययन प्रश्नका उत्तरहरू दिइसक्नुभएपछि ती उत्तरहरूसँग पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई मिलाउनुहोस् (दाँज्नुहोस्)। तपाईंले गल्ती गर्नुभएका प्रश्नहरूलाई चिन्ह लगाउनुहोस् र ठीक उत्तरहरू लेख्नुहोस्।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तिनीहरूले तपाईंको ज्ञान र ख्रीष्टियान सेवा विकास र वृद्धि गर्न तपाईंलाई सहायता पुऱ्याउँछन्। सुझाव दिइएका क्रियाकलापहरूले पनि सिद्धान्तबाट व्यवहारमा जानको निम्ति तपाईंलाई सहायता पुऱ्याउँछन्।

## यस पाठ्यक्रम अध्ययन गर्ने तरीकाहरू

यदि यो पाठ्यपुस्तक तपाईं आफै अध्ययन गर्नुहुन्छ भने यसमा सोधिएका प्रश्नहरूका जवाफ हुलाकद्वारानै तपाईं पठाउन सक्नुहुन्छ। आई सी आई-ले यस पाठ्यपुस्तकलाई स्वयम्-शिक्षण प्रणाली-मा विकास गरेको भए तापनि यसलाई कुनै समूह वा कक्षामा पनि अध्ययन गर्न सकिन्छ। कुनै समूह वा कक्षामा अध्ययन गरिएको खण्डमा त्यहाँका निर्देशकको निर्देशनलाई पनि पालन गर्नुहोस्।

तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययन समूह वा मण्डलीको कक्षामा वा बाइबल स्कूलमा प्रयोग गर्न चाहनुहुन्छ होला।

यी उद्देश्यहरूका लागि यसमा भएका विषयवस्तु र अध्ययन प्रणाली उत्तम ठहरिएका छन्।

**विद्यार्थी प्रतिवेदन एकाइ**

यस पाठ्यपुस्तकको साथसाथै तपाईंले विद्यार्थी प्रतिवेदन एकाइ पनि प्राप्त गर्नुभएको होला। यस पाठ्यपुस्तक र विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनअनुसार यसमा सोधिएका प्रश्नहरूका जवाफ दिनुहोस्। तपाईंको अध्ययन सम्बन्धित सुझावहरू प्राप्त गर्नको निम्ति र तपाईंले दिनुभएका उत्तरहरूका जाँचको लागि त्यस उत्तर पृष्ठलाई आफ्नो निर्देशककहाँ पठाउन नभुल्नुहोस्।

**प्रमाण-पत्र**

यस पाठ्यपुस्तकको अध्ययनको समाप्ति र तपाईंले लेख्नुपर्ने अन्तिम जाँचको उत्तम नतिजाको आधारमा तपाईंलाई प्रमाण-पत्र प्रदान गरिनेछ।

**यस पुस्तकका लेखक**

रबर्ट एल. ब्रान्ड्ट मोन्टाना स्टेटका एसेम्ब्लीज अफ गडका अध्यक्ष हुनुहुन्छ। उहाँले १९४० मा अभिषेक पाउनुभयो। उहाँले १६ वर्षसम्म पास्टरको सेवा पनि गर्नुभएको छ। उहाँले नर्थवेस्ट कलेजको निम्ति निर्देशकहरूको समितिमा रही काम गर्नुभएको छ, र एसेम्ब्लीज अफ गडको शिक्षण समितिमा पनि उहाँ हुनुहुन्छ। उहाँले साहित्यिक क्षेत्रमा पनि ठूलो योगदान दिनुभएको छ। उहाँले *पावलसँग प्रार्थना, एक मात्र बाटो*जस्ता पुस्तकहरू पनि लेख्नुभएको छ। उहाँले अमेरिका र संसारका विभिन्न देशहरूमा सेवा गर्नुभएको छ।

**तपाईंका आई सी आई निर्देशक**

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा

केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोबस्त मिलाउनको लागि उहाँसँग विन्ती गर्नुहोस्।

*आत्मिक वरदानहरू* भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउनेछ।